जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजबिराज दैनिक

वर्ष ३० अंक २ २०७७ साल साउन २ गते शुक्रबार (17 July 2020 Friday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : शुल्क उठाउन नपाएपछि निजी ... ३ पृष्ठमा : अब यसरी गर्नुस् ... ३ पृष्ठमाभारतमा एकै दिनमा ३२ हजार ...

# लकडाउनको व्यापक उल्लंघन
# छिमेकी बिहारमा १६ दिने लकडाउन



**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

कोरोनाका संक्रमितहरु ठूलो मात्रामा फेला पर्न थालेपछि नेपालको पूर्वीमध्य तराईसँग सिमाना जोडिएको भारतको विहार राज्यमा विहीवारदेखि पुनः १६ दिनका लागी लकडाउन घोषणा गरिएको छ । यता विहार राज्यसँगै सिमाना जोडिएको सप्तरीमा भने लकडाउनको व्यापक उल्लंघन हुने गरेको छ ।

नेपाल सरकारले गत जेठको अन्तिम सातादेखी मुलुकभर लकडाउन खुकुलो बनाएदेखी मानिसहरुले त्यसलाई व्यापक उलंघन गर्दै आइरहेका छन् । मास्क नलगाईकन हुलका हुल मानिस निस्कने तथा समाजिक दुरी कायम नगरी एकै ठाँउमा भीडभाड हुन थालेपछी कोरोना संक्रमणको जोखिम बढाएको छ । लकडाउनको पालना गर्न ठाउँ ठाउँमा सचेतनामूलक व्यानर पनि राखिएको छ तर, अधिकाँशले सोको वेवास्ता गरेको पाइएको छ ।

भारतबाट सप्तरी घर फर्कनेहरुलाई सरकारले एक मात्र आधिकारीक नाका कुनौलीलाई तोकेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## प्रदेश सरकारद्वारा प्रदेश प्रहरीलाई उद्धार सामग्री

**दैनिक समाचारदाता**
**जनकपुर, १ साउन ।**

प्रदेश नं. २ प्रहरी कार्यालय जनकपुरधामलाई आन्तरिक मामिला तथा कानून मन्त्रालयले विपद्जन्य घटना न्यूनीकरण र विपद् कार्यलाई प्रभावकारी बनाउन विपद् उद्धार सामग्री प्रदान गरेको छ ।

प्रदेश २ का आन्तरिक मामिला कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादवले प्रदेश प्रहरी प्रमुख धीरजप्रताप सिंहलाई उक्त सामग्री बुधबार हस्तान्तरण गरेका हुन् ।

हस्तान्तरण गरिएका सामग्रीमा डुङ्गा चार, हेलमेट ३२, लाइफ ज्याकेट ३२, क्यारी ब्याग चार थान, ह्याण्ड पम्प, डुङ्गा खियाउने बहना ३६ तथा डोरी आठवटा लगायतका रहेका छन् ।

सो अवसरमा मन्त्री यादवले विपद्का घटनाबाट मानवीय र जनधनको क्षति न्यूनीकरण गर्न यी सामग्री सहायक सिद्ध हुने विश्वास व्यक्त गरे ।

# गर्भवती तथा सुत्केरी महिलालाई पोषण सामाग्रि बितरण



**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत बिहीबार राजविराज वडा नं. १४ मा सुत्केरी तथा गर्भवती महिलालाई पोषण सामाग्रि बितरण गरिएको छ ।

राजबिराज नगरपालिकाका उपप्रमुख साधना झाले सो वडास्थित मधेपुरामा ६० जना गर्भवती तथा सुत्केरी महिलालाई पोषणका सामग्री बितरण गरेकी हुन् ।

राजबिराज नगरपालिका र

*बाँकी अन्तिम पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer | City Express Money Transfer | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### वातावरण स्वच्छ बनाउन सबै लागौं

व्यक्तिको जीवनसँग प्रत्यक्ष रुपमा जोडिएको वातावरण बिभिन्न कारणले दुषित बन्दै गएको छ। वन जंगल नासिनु, फोहर मैलाको उचित व्यवस्थापन नहुनु, वायुप्रदुशन बढ्दै जान, प्लाष्टिकजन्य पदार्थको अत्यधिक प्रयोग हुनु र धुम्रपानको प्रयोगकर्ता बढ्दै जानुले स्वच्छ वातावरण बिग्रिदै गइरहेको छ। हाल नेपालसहित विश्वमै वातावरण बिनास गर्ने कामहरु भइरहेको छ।

सम्पूर्ण विश्वलाई अहिले वातावरणलाई जोगाउनु नै मुख्य लक्ष्यको रुपमा देखिएको छ। विनाश हुँदै गएको बन, खस्किदैं गएको हराभरालाई मजबुत बनाउँदै फोहोर हुन नदिनका लागि कड्। नीति अबलम्बन गर्नु जरुरी छ। यसतर्फ खासगरी सरकारी निकायलाई अग्रणी भूमिका निर्वाह गर्नु अति नै आवश्यक छ।

तसर्थ व्यक्तिको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने वातावरण दुषित भए व्यक्तिको जिवनलाई नै धरापमा पार्ने भएकोले यसतर्फ सरकारी निकायका साथै सबै सरोकारवाला निकायले जिम्मेवारीपूर्वक अग्रसरता देखाउनु जरुरी रहेको छ।

# शुल्क उठाउन नपाएपछि निजी विद्यालयमा अनलाइन शिक्षा स्थगन

काठमाडौँ, १ साउन (रासस)।

आफूखुशी शुल्क उठाउने स्थिति नभएको र सरकारबाट सहुलियत ऋण नपाइएको जनाउँदै निजी लगानीका विद्यालयले वैकल्पिक पद्धतिको अनलाइन कक्षा स्थगनको घोषणा गरेका छन्।

ती विद्यालयले बन्दाबन्दी अन्त्य भई नियमित खुल्ने वातावरण नभएसम्म पहिलो चरणको आन्दोलनका क्रममा आउँदो साउन १ गतेदेखि नै अनलाइन/अफलाइन, टेलिभिजन र रेडियो कक्षा तथा विद्यालय प्रशासनलगायत सम्पूर्ण गतिविधि बन्दको घोषणा गरेका हुन्। वैकल्पिक कक्षा बन्द भएपछि आफ्ना शिक्षक र कर्मचारीलाई बेतलबी घरबिदा दिने पनि जनाइएको छ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) र राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएशन (एन प्याब्सन) ले बुधबार संयुक्त अपिल जारी गरी आफूहरूले माग पूरा नभएमा यही असार २२ गतेदेखि नै त्यस्ता कक्षा बन्दको चेतावनी दिएकामा कुनै सुनुवाई नभएकाले वैकल्पिक कक्षा बन्द हुने जनाएका हुन्। सामुदायिक विद्यालयमा भने नियमितरूपमा वैकल्पिक माध्यमको पढाइ चलिरहनेछ।

सरकारले यही असार १ गतेदेखि अनिवार्यरूपमा सबै विद्यालयमा "वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरण निर्देशिका" २०७७ जारी गरी कार्यान्वयनमा ल्याएको थियो। कतिपय विद्यालयले सो अघि नै वैकल्पिक पद्धतिबाट शिक्षा दिन थालेका थिए। अपिलमा नेपाल सरकार शिक्षा मन्त्रालयले भौतिक रूपमा विद्यालय सञ्चालनको अनुमति दिएपश्चात मात्र विद्यालयका प्रशासन खुल्ला हुने र विद्यालय सुचारु भई आम्दानी सुनिश्चित भए पश्चात: अनुपातिक हिसाबले २०७७ वैशाखदेखि असारसम्मको शिक्षक कर्मचारीको तलबलगायत अन्य सबै प्रकारका दायित्व क्रमश भुक्तानी गरिने जनाइएको छ।

कोरोना महामारीका कारण आर्थिक सङ्कट परेकाले बजेटबाटै सहुलियत ऋणसहितको प्याकेज अपेक्षा गरेका निजी लगानीका विद्यालय अनलाइन कक्षाबापत शुल्क लिन र नयाँ शैक्षिक सत्रका लागि विद्यार्थी भर्ना गर्न नपाउने सरकारको निर्देशनका कारण अप्ठ्यारोमा परेका हुन्। कतिपय विद्यालयले भने कायम शुल्कको ५० प्रतिशतसम्म शुल्क लिएको र विद्यार्थीलाई भर्ना गरेकामा अभिभावक र विद्यार्थी सङ्गठनबाट आपत्ति जनाइएको थियो भने सरकारले कारवाहीको चेतावनी दिएको थियो।

आर्थिक आय नहुँदा शिक्षक र कर्मचारीको तलब, घरभाडा, बैंकको व्याज, बिजुली, इन्टरनेट र प्रशासनिकलगायतका रकम तिर्न नसकिएको निजी विद्यालयको गुनासो छ। हाल देशभर छ हजार ५०० निजी लगानीका विद्यालय छन् भने २८ हजार सामुदायिक विद्यालय छन्। प्याब्सनका अध्यक्ष टीकाराम पुरी र एन प्याब्सनका अध्यक्ष ऋतुराज सापकोटाले जारी गरेको अपिलमा आफूहरूले विद्यालय शिक्षाको ३० प्रतिशत हिस्सा (करिब ३० लाख विद्यार्थी र दुई लाख ५० हजार शिक्षक कर्मचारी) लाई धान्दै आएकामा निजी क्षेत्रको योगदानलाई सरकारले अवमूल्यन गरेकाले आन्दोलन गर्नुपरेको जिकिर गरेको छ। उनीहरूको मागका सम्बन्धमा यही असार १४ गते शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेललाई १९ गतेभित्र सम्बोधन गरियोस् भनी संयुक्त ज्ञापनपत्र दिइएको तर सुनुवाई नभएको एन प्याब्सनका अध्यक्ष सापकोटाले बताउनुभयो।

नेपाल सरकारले २०७६ साल चैतमा एक महिनाको शिक्षण शुल्क नलिन दिएको निर्देशन पनि सबै निजी विद्यालयले पालना गरेका छैनन्। यही असार २१ गते शिक्षा मन्त्रालयमा प्याब्सन, नेशनल प्याब्सन, अभिभावक सङ्घ सङ्गठन, नेपाल शिक्षक महासङ्घ, निजी विद्यालय शिक्षक युनियन (इस्टु) पदाधिकारीसहितको बैठकमा सहुलियत ऋण उपलब्ध र शिक्षकको तलब वितरणबारे छलफल भएको थियो। सो छलफलका आधारमा आवश्यक निर्णयका लागि कोरोना रोकथाम तथा उपचार केन्द्रीय निर्देशक समिति (सीसीएमसी) मा पठाएको मन्त्रालयका प्रवक्ता दीपक शर्माले जानकारी दिनुभयो।

यसैबीच दुवै सङ्गठनका तर्फबाट असार १४ गते समस्या समाधानार्थ शिक्षा मन्त्रालयसमक्ष पेश गरेको ज्ञापनपत्रमा उल्लेखित विषयहरूको सम्बन्धमा असार २१ गते मन्त्रालयमा भएको भद्र सहमतिको एकसाता बितिसक्दा पनि कुनै ठोस निकास नआएको र थप अन्योल बढदै गएको यस परिस्थितिमा थप गतिविधिहरू सञ्चालन गर्न हामीलाई आर्थिक तथा व्यवसायिक सङ्कट आइपरेकोले अनिश्चिताबीच विद्यालयका प्रशासनिक कार्यालयहरू खोलि गतिविधि सञ्चालन गर्नुभन्दा कार्यालय बन्द गरी बस्नु नै उचित विकल्प हो भन्ने हामीलाई महसुस भएको छ। तसर्थ २०७७ साउन १ गतेदेखि सबै वैकल्पिक शिक्षण सिकाइका क्रियाकलापहरू स्थगन गरी आफ्ना शिक्षक-कर्मचारीहरूलाई बेतलबी घर बिदा दिने अप्रिय निर्णय गर्न बाध्य भएका छौँ।

# विशेष अदालतमा मुद्दाको चाप बढ्दो

काठमाडौँ, १ साउन (रासस)।

भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा हेर्न विशिष्टकृत अदालतका रूपमा स्थापना गरिएको विशेष अदालतमा पछिल्लो समयमा मुद्दाको चाप बढदै गएको छ। आर्थिक वर्ष २०७६/७७ मा नयाँ दर्ता मात्र ४५० थान मुद्दा छन्।

अघिल्लो आर्थिक वर्षबाट सरिआएको ३९३ थान गरी जम्मा ८४३ मुद्दा रहेका छन्। त्यसमध्ये ६६५ थान मुद्दा फछ्र्यौट गर्न बाँकी छ। "अदालतमा मुद्दाको चाप बढ्दै गएको छ," विशेष अदालतका अध्यक्ष शिवराज अधिकारी भन्नुभयो, "पर्याप्त जनशक्तिको अभावका कारण मुद्दा फछ्र्यौटमा ढिलाइ भइरहेको छ, अहिलेसम्म ८४३ थान जस्तो ठूलो मुद्दाको सङ्ख्या यसअघि कहिल्यै पुगेको थिएन।"

कोरोना भाइरसको महामारीका कारण मुद्दा फछ्र्यौटमा प्रभाव परेको छ। यस आवमा १७८ मुद्दा फछ्र्यौट भएको छ। फैसला भएकामध्ये ८६.५१ प्रतिशत दोषी ठहर भएको छ भने १३.४८ प्रतिशत मुद्दामा सफाइ पाएको छ। एउटा मुद्दा खारेज नै भएको छ।

मुद्दाको सङ्ख्या अत्यधिक रूपमा वृद्धि हुँदै गइरहेको परिप्रेक्ष्यमा आफ्नै भवन नहुनु, वन परिसरको भवन प्रयोग गरिएकामा हाल सो भवनसमेत पर्याप्त नहुनुजस्ता कारण न्याय सम्पादनमा कठिनाइ हुँदै गएको अदालतका अध्यक्ष अधिकारीको भनाइ छ।

अदालतले हालसम्म धरौटी र बैंक ग्यारेन्टीमार्फत रु ४८ करोड राजस्व सङ्कलन गरेको छ। उक्त राजश्व सरकारी कोषमा जान्छ। यस आर्थिक वर्षमा धरौटी अदालतले रु १४ करोड २६ लाख ४३ हजार ९२ रहेको छ भने यस आर्थिक वर्षमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई रु करोड ८९ लाख ६५ हजार ५५ फिर्ता गरेको छ। त्यस्तै, सम्बन्धित मुद्दाका पक्षलाई एक करोड ३३ लाख ५४ हजार ३७५ फिर्ता गरिएको छ।

विशेष अदालतका अध्यक्ष अधिकारीले अनुसन्धानमा काम गर्ने करिब ४०० प्रहरी भएको तर अदालतमा ४७ जनाको दरबन्दीले अहिले पनि धान्नुपर्ने अवस्था रहेको सुनाउनुभयो। "अहिले अपराधका क्रम पनि फरक खालको छ, सुशासन नै हामीलाई चुनौती भएको छ" उहाँले थप्नुभयो, "यहाँ मुद्दाको फाइलमा होइन, बोरामा आउँछन्, सबै हेरेर न्याय सम्पादन गर्नुपर्ने हुन्छ, त्यसले गर्दा समयमा न्याय सम्पादन गर्न कठिन छ।"

अदालतमा फछ्र्यौट हुन बाँकी मुद्दामध्ये दुईवर्ष नाघेका मुद्दा ३१ थान, १८ महिनादेखि दुई वर्ष नाघेका मुद्दा ३९ थान, १८ महिनाभित्रका ५९५ थान रहेको छ। अदालतका अध्यक्ष अधिकारीका अनुसार प्रमाण जुटाउन कठिनाइ र प्राविधिक कारणले गर्दा केही मुद्दा फछ्र्यौट गर्न समय लागेको हो। प्रमाणबिना मुद्दा फछ्र्यौट गर्ने कुरा भएन। सबै पक्षबाट प्रमाणहरू सङ्कलन गर्दा समय लाग्ने गरेको छ।

विशेष अदालत ऐन, २०५९ बमोजिम २०५९ भदौ ६ गते विशिष्टिकृत अदालतका रूपमा विशेष अदालत स्थापना भएको थियो। अदालतले नेपालको संविधान, कानून र अन्तरराष्ट्रिय रूपमा स्थापित न्यायका मान्य सिद्धान्तअनुसार न्याय सम्पादन गर्दै आएको छ। पछिल्लो समयमा अदालतमा मुद्दाको चाप निकै बढदै गएको छ। अदालतले फैसला लेखनको कामलाई भने निकै तिव्रता दिएको छ। यस आवमा १७८ मुद्दा फछ्र्यौट भएकामा १७४ मुद्दाको फैसला लेखिसकेको छ।

# 'पत्रकार आपत्कालीन राहत कोष' स्थापना

काठमाडौँ, १ साउन (रासस)।

नेपाल पत्रकार महासङ्घले 'पत्रकार आपत्कालीन राहत कोष' स्थापना गर्ने भएको छ।

कोभिड-१९ सङ्क्रमणका कारण पत्रकारले जागिर गुमाउनु परेको, बेतलबी बिदामा बस्नु परेको तथा नियमित पारिश्रमिक भुक्तानी हुन नसकेको अवस्थालाई मध्यनजर गर्दै सो कोष स्थापना गर्न लागिएको महासङ्घले जनाएको छ।

महासङ्घ केन्द्रीय समितिबाट रु ३० लाख जम्मा गरेर शुरुआत गरिएको सो कोषमा नेपाल पत्रकार महासङ्घका बेलायत, युरोप, जापान, यूएई, कोरिया, कुवेत, भारत, कतार शाखा तथा नेपाल अमेरिका पत्रकार सङ्घ नेजा र नेपलिज जर्नालिष्ट एसोसिएशन अष्टेलियाबाट एक महिनाभित्र सकेको रकम उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरिएको महासङ्घले जनाएको छ।

महासङ्घद्वारा बुधबार जारी विज्ञप्तिमा भनिएको छ, "पत्रकारको दैनिक जीवनयापनमा समस्याका कारण पत्रकारहरू पेशाबाटै पलायन हुनुपर्ने बाध्यात्मक अवस्था आउन नदिन अति सङ्कटमा परेका श्रमजीवी पत्रकारहरूलाई राहतका लागि विश्वभर छरिएर रहेका पत्रकारहरू तथा अन्य शुभेच्छुकबाट सामूहिक पहल हुनुपर्दछ, यसै विषयलाई मध्यनजर गरी महासङ्घ केन्द्रीय कार्यालयले केन्द्रीय समिति मातहत रहने गरी कोष स्थापना गर्ने निर्णय गरेको छ।"

महासङ्घका विभिन्न शाखा, प्रदेश समितिहरू र केन्द्रीय समितिको पहलमा समस्यामा परेका पत्रकारहरूलाई केही राहत तथा सामान्य उपचार खर्च उपलब्ध गराउने जस्ता कार्य भए पनि त्यो पर्याप्त नभएको महासङ्घको भनाइ छ।

कोषमा जम्मा भएको रकम नमासिने गरी अक्षय कोषमा राखिने र त्यसको ब्याजबाट आपत्कालीन समस्याबाट पीडित पत्रकारहरूलाई राहत उपलब्ध गराउने गरी कोष सञ्चालन निर्देशिका र मापदण्ड तयार गर्ने निर्णय गरिएको जानकारी गराउँदै

*बाँकी अन्तिम पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अब यसरी गर्नुस् सुरक्षित हवाईयात्रा...

काठमाडौँ, १ साउन (रासस)।

बन्दाबन्दीका कारण झण्डै चार महिनादेखि व्यावसायिक उडान ठप्प रहेको मुलुकको एक मात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अझै व्यावसायिक उडान कहिले खुल्छ भन्ने यकिन छैन। विमानस्थलको आन्तरिकतर्फ दैनिक ३०० भन्दा बढी उडान हुने नेपाली आकाश अहिले प्रायः खाली छ। केही चार्टर्ड उडानबाहेक अहिले विभिन्न वायुसेवा कम्पनीका ४५ भन्दा बढी जहाज ग्राउण्डेड छन्। तालुकदार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणले अन्य मुलुकको अभ्यासलाई हेरेर उडान सञ्चालन गर्ने गरी आवश्यक तयारी गरिरहेको बुझिएको छ।

कोभिड-१९ सङ्क्रमण फैलन नदिन सरकारले गत चैत ११ देखि देशभर बन्दाबन्दी लागू गरेको थियो। चैत ९ गतेदेखि आन्तरिक र अन्तर्राष्ट्रिय व्यावसायिक उडान स्थगन गरिएको थियो। पछिल्लोपटक यही साउन ६ गते मध्यरातसम्मलाई उडान रोक लगाउने निर्णय भएको छ। विभिन्न मुलुकमा अलपत्र नेपालीको उद्धारका लागि अहिले चार्टर्ड उडान मात्र भइरहेको छ। जेहोस् कोभिड-१९ महामारीका बीच सुरक्षित उडान गर्ने गरी सरकारले आवश्यक तयारी गरिरहेको छ। यता एयरलाइन्सले पनि कोभिड महामारीपछि हुने व्यावसायिक उडानलाई मध्यनजर गरी आवश्यक तयारी गरेका छन्।

आन्तरिक उडानमा दैनिक करिब छ हजार यात्रु आवतजावत गर्ने देशकै अग्रणी वायुसेवा प्रदायक कम्पनी बुद्ध एयरले आफ्नो सुरक्षित व्यावसायिक उडानको आवश्यक सबै तयारी पूरा गरेको जनाएको छ। कम्पनीका तर्फबाट कोभिड महामारीबाट सुरक्षित रहेर हवाईयात्राका लागि सम्पूर्ण तयारी पूरा गरेको बुद्ध एयरले यात्रुले पनि आवश्यक सुरक्षा सतर्कता अपनाइदिए सुरक्षित यात्राको सुनिश्चितता हुने अपेक्षा गरेको छ।

बुद्ध एयरका क्वालिटी एस्युरेन्स डिपार्टमेन्ट प्रमुख उपेन्द्रलाल श्रेष्ठले उडान सञ्चालनमा आउँदा अधिकतम स्वास्थ्य सुरक्षा मापदण्ड कसरी अपनाउने र यात्रुलाई परिपालना गराउने भन्नेबारे आवश्यक तयारी गरिएको बताउनुभयो। उहाँले प्राधिकरणको कार्यविधिका साथै विश्व स्वास्थ्य सङ्गठन र आयोटाको मार्गनिर्देशनका अलावा जहाज निर्माता कम्पनीको मापदण्डका आधारमा 'स्टान्डर अपरेटिङ प्रोसिउर' बनाइएको जानकारी दिनुभयो। यो मापदण्ड विमानका कर्मचारी तथा यात्रुलाई लागू हुनेछ। त्यसैका आधारमा विभिन्न तालिम, पिपिइ, केमिकल, सानातिना उपकरणको जोहो गरिसकिएको कम्पनीले उल्लेख गरेको छ। कम्पनीले गत जुन ११ र २५ मा अभ्यास उडान 'डेमो' उडान गरेको छ। अहिले पनि कम्पनीले सानो-सानो समूह बनाएर अभ्यास उडान गरिरहेको छ।

"स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर हामी सञ्चालनको लागि पूर्ण तयारीको अवस्थामा छौँ, यात्रुहरूले समन्वय र सहकार्य गरिदिएको खण्डमा कोभिड महामारीबाट सुरक्षित हुन्छौँ, त्यसैले कम्पनीको गाइडलाइन्स पालना गरिदिनुहोला", श्रेष्ठले भन्नुभयो। अबको उडान पहिलाको भन्दा बिल्कुलै फरक तारिकाको हुनेछ। हिजो एक घण्टा पहिला एयरपोर्ट पुग्नुपर्ने थियो भने अब डेढ घण्टाअघि नै जानुपर्छ। यात्रुले सामाजिक दूरीमा बसेर भीडभाड नगरी स्वास्थ्य मापदण्ड अपनाउनुपर्ने हुन्छ। अबको उडानमा यात्रुले 'एयरपोर्ट अथोरिटी' ले बनाएको 'हेल्थ डिक्लिरेशन' फारम र 'प्यासेन्जर लोकेटर कार्ड' भर्नुपर्नेछ। कम्पनीले यात्रुको सुरक्षाका लागि मास्क र फेससिल्डको व्यवस्था गरेको छ।

कम्पनीले जहाजलाई तयारी अवस्थामा राख्न हरेक १४ दिनमा एक दिन करिब २० मिनेट जहाजको परीक्षण उडान गर्ने गरेको छ। सातामा एक दिन इन्जिन 'रनअफ' गरिरहेको छ। प्राविधिक हिसाबले पनि तमतयारी अवस्थामा रहेको कम्पनीले यात्रुलाई शिक्षित गर्ने डेमो उडानको भिडियो वेवसाइटमा राखेको छ। बुद्ध एयरका बजार निर्देशक रुपेश जोशीले सुरक्षा प्रोटोकल बनाएर सुरक्षित उडानको तयारी गरिएको जानकारी दिँदै यात्रुलाई सुरक्षा सजकता अपनाउन आग्रह गर्नुभयो। फरक तरिकाले उडान गर्नुपर्ने भएकाले यात्रुलाई सुसूचित गराउनुपर्ने अनिवार्यता रहेको उहाँले बताउनुभयो।

सरकारले उडान खोलिदिएको खण्डमा प्रोटोकल पालना गर्न हवाई कम्पनी तयार रहेको उहाँको भनाइ छ। निजी क्षेत्रका बुद्ध एयर, यती एयरलाइन्स, श्री एयरलाइन्स, सौर्य एयरलाइन्सलगायत कम्पनीले आन्तरिक उडानमा अपनाइने सुरक्षा मापदण्डका साथ उडानको तयारी गरेको जनाइएको छ। कोभिड महामारीबाट कसरी जोगिएर सुरक्षित हवाईयात्रा गर्न सकिन्छ भनेर बुद्धले गत असार ११ गते एटिआर-७२ जहाजमा 'डेमो' उडान गरेको थियो। यात्रु तथा विमानका कर्मचारीको 'कन्फिडेन्ट' का लागि कोभिडबाट सुरक्षित हुने उपायबारे अभ्यास गरिएको थियो। आन्तरिक उडानका यात्रुले पहिलाजस्तो 'स्न्याक्स' पाउँदैनन्।

यात्रुले शुरुमा टर्मिनल भवन छिर्नासात सामाजिक दूरी कायम गर्न बनाइएको घेराभित्र उभिएर लाइन बसी ज्वरो नाप्छन्। त्यसपछि सुरक्षापासको प्रक्रिया सकिन्छ। भित्र टिकट काउन्टरमा पनि सामाजिक दूरीका साथ बोडरिङ पास दिइन्छ। त्यहाँ काउन्टरका कर्मचारीले यात्रुलाई फारम भराउँछन् र मुहारसहितको परिचयपत्र मोबाइलबाट खिच्छन् अनि त्यसलाई कम्प्युटराइज गर्छन्।

कोभिड-१९ को महामारीबाट सुरक्षित रहनको लागि हवाईयात्रा अवधिभर मास्क र फेससिल्ड लगाउनुपर्नेछ। अति आवश्यक भए मात्र शौचालयको प्रयोग गर्न र पानीको वितरण पनि अति आवश्यक परेको खण्डमा मात्र उपयोग गरिदिन अनुरोध गरेको छ। बुद्धले अहिले एटीआर-७२, ११ सहित १३ जहाजमार्फत उडान सेवा दिइरहेको छ। अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिकतर्फ १० हेलिकोप्टरसहित १९ वायुसेवा कम्पनीले उडान भर्दै आएका छन्।

# ६ खर्ब ६४ अर्ब फछ्र्योट गर्न बाँकी रु चार खर्ब १८ अर्ब बेरुजु

काठमाडौँ, १ साउन (रासस)।

मुलुकका विभिन्न निकायको आव २०७५/७६ र त्यसअघिको बक्यौतासमेतको लेखा परीक्षणमा बेरुजुसहित टुङ्गो अर्थात् फछ्र्योट गर्नुपर्ने रकम रु छ खर्ब ६४ अर्ब ४४ करोड कायम भएको छ। महालेखापरीक्षकको कार्यालयले राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष बुधबार पेश गरेको महालेखापरीक्षकको ५७ औँ वार्षिक प्रतिवेदन २०७७ अनुसार तदारुकता, राजस्व बक्यौता समायोजन एवं असूली, शोधभर्ना प्राप्तिमा सुधारलगायत कारणले यस वर्ष केही कमी भई उक्त बेरुजु कायम भएको हो।

गत वर्षसम्मको बाँकी बेरुजु रु तीन खर्ब ७७ अर्ब ४८ करोड रहेकामा फछ्र्योट भएको अङ्क घटाई यस वर्ष थप भएको रु ४० अर्ब ८४ करोडसमेत गरी रु चार खर्ब १८ अर्ब ३२ करोड बाँकी बेरुजु रहेको प्रतिवेदनमा उल्लेख छ। महालेखापरीक्षक टङ्कमणि शर्मा दङ्गालले राष्ट्रपतिसमक्ष बुधबार पेश गर्नुभएको प्रतिवेदनअनुसार आव २०७५/७६ मा लेखा परीक्षण तथा सम्परीक्षणबाट रु सात अर्ब ४८ करोड असूल भएको छ। अद्यावधिक कारवाही गरी टुङ्गो लगाउनुपर्ने रकम गत वर्ष रु छ खर्ब ८३ अर्ब ६६ करोड रहेकामा यस वर्ष केही कमी आई बेरुजु रकम रु छ खर्ब ६४ अर्ब ४४ करोड कायम भएको प्रतिवेदनमा उल्लेख छ।

नेपालको संविधान र लेखा परीक्षण ऐन २०७५ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता र औचित्यसमेत विचार गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ। यस वर्ष नियमित र यसअघिका लेखा परीक्षण गर्न बाँकीसमेत गरी पाँच हजार ६१९ निकायको आर्थिक कारोवारको लेखा परीक्षण गरिएको छ।

यस पटक फागुन मसान्तसम्ममा लेखापरीक्षण योजना तयार पारी चैत मसान्तसम्ममा वार्षिक प्रतिवेदन पेश गर्ने कार्यतालिका भए पनि कोभिड-१९ का कारण विलम्ब हुन गएको हो। यस वर्ष सङ्घीय, प्रदेश सरकारी निकाय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्था, जिल्ला समन्वय समितिको गरी रु ५१ खर्ब ७१ अर्ब ६४ करोडको लेखापरीक्षण सम्पन्न भएको छ। सोमध्ये तीन हजार ११० सङ्घीय सरकारी निकाय र ७७ जिल्ला समन्वय समितिका तर्फ रु १७ खर्ब ५६ अर्ब चार करोडको लेखापरीक्षणबाट रु ७१ अर्ब छ करोड अर्थात् ४.०५ प्रतिशत बेरुजु देखिएको छ।

प्रदेशतर्फ रु ९९८ कार्यालयको रु एक खर्ब ८९ अर्ब २५ करोडको लेखापरीक्षणबाट रु आठ अर्ब २० करोड अर्थात् ४.३३ प्रतिशत बेरुजु कायम भएको छ। मुलुकभर रहेका स्थानीय तहको रु सात खर्ब ४० अर्ब ६५ करोडको लेखापरीक्षणबाट रु ३८ अर्ब १३ करोड अर्थात् ५.१५ प्रतिशत बेरुजु देखिएको छ।

यस्तै सार्वजनिक संस्था तथा अन्य समितिको रु २४ खर्ब ९८ अर्ब ८७ करोडको लेखापरीक्षण सम्पन्न भएको जनाइएको छ। त्यसका अतिरिक्त ३२ सङ्गठित संस्थाको लेखापरीक्षणका लागि परामर्श उपलब्ध गराएबमोजिम रु सात खर्ब ४७ अर्ब ८० करोडको लेखापरीक्षण भएको छ। सोसमेत गरी यस वर्ष रु ६१ खर्ब रु २२ अर्ब ४९ करोडको लेखापरीक्षण सम्पन्न भएको महालेखापरीक्षकको कार्यालयले जनाएको छ।

नेपालको संविधानको धारा २४१ मा लेखापरीक्षकले सङ्घीय, प्रदेश र स्थानीय तह तथा कानूनद्वारा तोकिएका संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको समेत विचार गरी लेखापरीक्षण गर्ने व्यवस्था छ। संविधानको धारा २९४ मा उक्त प्रतिवेदन राष्ट्रपतिसमक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ।

## 'पत्रकार आपत्कालीन ...

महासङ्घ इच्छुक सङ्घसंस्था र व्यक्तिहरूलाईसमेत नेपाल बङ्गलादेश बैंकमा महासङ्घको नाममा रहेको पत्रकार कल्याण कोष, बचत खाता नं ००१०७००३१ मा रकम जम्मा गरिदिनु हुन पनि आग्रह गरिएको छ। कोषमा रकम जम्मा गर्नेहरूको नाम र जम्मा भएको रकमको विवरण एक महिनापछि सार्वजनिक गरिने छ।

महासङ्घले श्रमजीवी पत्रकार नियमावलीको व्यवस्थाअनुसार सञ्चारमाध्यमले विज्ञापनको १० प्रतिशत रकमबाट पत्रकार कल्याणकोष स्थापना गर्नुपर्ने व्यवस्था भए पनि अहिलेसम्म कार्यान्वयन नभएकोमा आपत्ति प्रकट गरेको छ। श्रमजीवी पत्रकार ऐन पूर्ण कार्यान्वयन हुने मिडिया हाउसहरू खासगरी सरकारी स्वामित्वका सबै सञ्चारमाध्यम र समाचार समिति, निजी क्षेत्रबाट सञ्चालित ब्रोडसिट दैनिक, सबै टेलिभिजन च्यानल, देशव्यापी नेटवर्क सञ्चालन गरेका रेडियोहरूमा यो व्यवस्था तत्काल लागू गर्नुपर्ने महासङ्घको माग छ।

"सरकारले दिने विज्ञापनमा नियमानुसार कल्याणकारी कोषका लागि जम्मा गर्नुपर्ने रकमसमेत कोषमा नराखी सिधै भुक्तानी गरेकाले कोष स्थापना नभएकाको हकमा एकीकृत कल्याणकारी कोषमा रकम जम्मा गर्ने व्यवस्था मिलाउन नेपाल सरकारसँग महासङ्घ आग्रह गर्दछ", विज्ञप्तिमा भनिएको छ।

## विश्व समाचार

# भारतमा एकै दिनमा ३२ हजार ५०० भन्दा बढी संक्रमित

नयाँ दिल्ली, १ साउन (रासस/एएनआई)।

भारतमा एकैदिनमा कोरोनाभाइरसबाट संक्रमित भएकाको संख्या ३२ हजार ६९५ पुगेको छ। यो संख्या अहिलेसम्मकै सबैभन्दा धेरै भएको अधिकारीले बिहीबार जानकारी दिएका छन्।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा पछिल्लो २४ घण्टामा ३२ हजार ६९५ संक्रमित भएको जनाएको छ। मन्त्रालयका अनुसार योसँगै भारतमा कुल संक्रमितको संख्या ९ लाख ६८ हजार ८७६ पुगेको केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जानकारी दिएको छ।

त्यसैगरी भारतमा गत २४ घण्टामा कोरोनाका कारण ६०६ जनाको मृत्यु भएपछि कोभिड १९ बाट मृत्यु हुनेका संख्या २४ हजार ९१५ पुगेको छ।

भारतमा अहिले पनि संक्रमित अवस्थामै रहेकाहरुको संख्या ३ लाख ३१ हजार १४६ रहेको छ भने ६ लाख १२ हजार ८१५ जना संक्रमणमुक्त भइसकेका छन्।

भारतमा महाराष्ट्र राज्य अत्यन्त प्रभावित भएको छ। यहाँ संक्रमितको संख्या २ लाख ७५ हजार ६४० पुगेको छ। तीमध्ये १० हजार ९२८ जनाको मृत्यु भइसकेको छ।

त्यसैगरी कोरोनाबाट दोस्रो धेरै प्रभावित भएको तमिलनाडु राज्यमा १ लाख ५१ हजार ८२० संक्रमित हुँदा २ हजार १६७ जनाको मृत्यु भएको छ।

केन्द्रीय राजधानी समेत रहेको दिल्ली राज्यमा पनि १ लाख १६ हजार ९९३ जना संक्रमित भएका छन् भने ३ हजार ४८७ जनाको कोरोनाका कारण मृत्यु भएको छ।

# बाढीबाट ५९ को मृत्यु, ४५ लाखभन्दा बढी प्रभावित

आसाम, १ साउन (रासस/एएनआई)।

भारतीय राज्य आसाममा परेको भारी वर्षा र त्यसपछिको बाढीका कारण यहाँ जनधनको ठूलो क्षति भएको बताइएको छ। आसाममा मात्र बुधबार रातिसम्म मृत्यु हुनेको संख्या ५९ पुगेको आसाम राज्यको विपद् व्यवस्थापन विभागलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

आसामका कम्तीमा पनि ३० जिल्लाका ४५ लाखभन्दा बढी मानिस बाढीबाट प्रभावित भएका बताइएको छ। ती मध्ये लाखौँ व्यक्ति घरबारबिहीन पनि भएका छन्। तर यस विषयमा विस्तृत रुपमा विवरण भने आइसकेको छैन।

बुधबार रातिसम्म बाढीमा परी आसामका ५९ जनाको मृत्यु भएको समाचारमा जनाइएको छ। बाढी आउने क्रम जारी रहेको समाचारमा उल्लेख छ। गएको मंगलबारदेखि अविरल रुपमा पानी परिरहेको र बुधबार रातिसम्म ती व्यक्तिको निधन भएको समाचारमा जनाइएको छ।

आसामका मात्र ३० जिल्ला बाढीबाट प्रभावित भएका छन्। बाढीमा परी ४५ लाख ४० हजार जनाभन्दा बढी मानिसहरु प्रभावित हुन पुगेको जनाइएको छ। भारतीय सञ्चार माध्यमले जनाएअनुसार भारी वर्षासँगै आएको बाढीमा परी आसाममा मात्रै लाखौँ मानिस घरबार बिहिन भएका छन्।

ब्रह्मपुत्र र उसको सहायक नदीमा पानीको बहाब अझैपनि खतराको संकेत माथि छ। ब्रह्मपुत्र नदीले गुहावाटीसमेत राज्यका धेरै जिल्लामा ठूलो क्षति निम्ताएको छ। राज्य सरकारले सचेत रहेर बस्न सूचना जारी गरेको छ। त्यस राज्यमा ४२६ ओटा उद्धार शिविरहरु स्थापना गरेर उद्धारको काम जारी राखेको छ।

ती क्षेत्रमा भएको क्षतिको विवरण पूर्ण रुपमा अझै आएको छैन। उद्धारको काम जारी रहेको आसामका उद्धारकर्मीहरुले जनाएका छन्।

# संक्रमणको कडा रुपमा निगरानी गर्न विश्व स्वास्थ्य संगठनको सल्लाह

मस्को, १ साउन (रासस/एएनआई)।

विश्व स्वास्थ्य संगठनले कोरोना भाइरसका सङ्क्रमितको कडा मात्रामा निगरानी गर्न सल्लाह दिएको छ।

सङ्क्रमण दरलाई बढ्न नदिन तथा सकेसम्म समुदायस्तरमा फैलिन नदिने यस्तो निगरानीको निकै खाँचो रहेको विश्व स्वास्थ्य संगठनले जानकारी दिएको हो।

विश्व स्वास्थ्य संगठनले प्रत्येक देशले प्रतिदिन दश लाख नागरिकमध्ये कम्तीमा पनि १४० जना नागरिकको पिसिआर परीक्षण गर्नुपर्ने सुझाव दिएको हो।

भारतका विभिन्न २२ सङ्क्रमित स्थानमा प्रतिदिन प्रति १० लाखमध्ये १४० जनामा र कहिँ त त्यो भन्दा पनि बढी मानिसमा यसको परीक्षण गर्ने गरेको पाइएको समाचारमा जनाइएको छ। पछिल्ला हप्तामा भारतमा प्रति दश लाख नागरिकमध्ये कतै कतै त आठ हजार जनाभन्दा पनि बढीमा यस्तो परीक्षण गर्ने गरिएको बताइएको छ।

भारतमा पछिल्ला हप्तामा एक हजार २०० भन्दा पनि बढी प्रयोगशालाबाट यहाँका शंकास्पद व्यक्तिको परीक्षण गर्ने गरिएको बताइएको छ। एक समाचारमा यहाँका सरकारी स्वास्थ्य संस्थामा ८६५ वटा ल्याब छन् भने नीजि स्वास्थ्य संस्थामा ३५८ वटा परीक्षण गर्ने ल्याब रहेका छन्। ती ल्याबबाट दिनहूँ ठूलो संख्याका मानिसको कोरोना परीक्षण गर्ने गरिएको छ। यहाँका स्वास्थ्यसम्बन्धी अधिकारीले दिएको जानकारीअनुसार यहाँ गएको २४ घन्टा यतामात्र तीन लाखभन्दा बढीको कोरोना भाइरस पोजेटिभ भए नभएको परीक्षण गरिएको बताइएको छ।

यहाँका दुई लाख ७० हजारभन्दा बढी कोरोना भाइरसका सङ्क्रमित त चिकित्सकको निगरानीमा अस्पताल तथा क्वारेन्टाइनमा नै बसिरहेको एक तथ्यांक देखिएको छ।

# एक बृद्धसहित दुईको शव फेला

**दैनिक समाचारदाता**
**सिरहा, १ साउन ।**

सिरहाको छुट्टाछुटै खोलामा बिहीबार बिहान एक बृद्धसहित दुई जनाको शव फेला परेको छ ।

सिरहा बरियारपट्टी गाउँपालिका २ श्रीपुरस्थित खोलामा स्थानीय ६८ वर्षीय रामदेव यादवको शव फेला परेको प्रहरीले जनाएको छ । आँपको बगैँचा हेर्न जान्छु भनी घरबाट निस्केको र घर फर्की नआएको कारण खोजतलास गर्ने क्रममा खोला छेउमा यादव मृतावस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

यस्तै सिरहाको मिर्चैया नगरपालिका-९ बतहाखोलामा तत्काल सनाखत नभएको एक पुरुषको शव फेला परेको छ । खोलाको पश्चिम साइडमा अन्दाजी ४० वर्षीय सो पुरुषको शव स्थानीयवासीले देखेपछि प्रहरीलाई खबर गरेका थिए । यता दुबै घटनाको थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ. ।

# प्रदेश सरकारद्वारा आर्थिक सहयोग हस्तान्तरण

**दैनिक समाचारदाता**
**जनकपुर, १ साउन ।**

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले लकडाउनका कारण धनुषाको जटही नाकामा ज्यान गुमाएका वीरेन्द्रगुरमैता यादवको परिवारलाई रु पाँच लाख बराबरको चेक हस्तान्तरण गरेका छन् ।

शहीदनगर नगरपालिका ९ गोठ कोयलपुरस्थित यादवको घरमा बिहीबार पुगेर मुख्यमन्त्री राउतले मृतकका श्रीमती सविता यादवलाई सो चेक हस्तान्तरण गर्दै पीडित परिवारप्रति समवेदना समेत व्यक्त गरे ।

सो अवसरमा प्रदेशसभा सदस्य रामआशिष यादव, मुख्य न्यायाधिवक्ता दीपेन्द्र झाको उपस्थिति थियो । भारतबाट फर्कने क्रममा धनुषाको जटही नाकामा गत, जेठ १४ गते वीरेन्द्र यादवको मृत्यु भएको थियो ।

# हत्या आरोपमा सात पक्राउ

सप्तरी, १ साउन (रासस) ।

जिल्लाको शम्भुनाथ नगरपालिकामा एक युवकको हत्या भएको छ । शम्भुनाथ नगरपालिका-३ कचन्दाहाका ४२ वर्षीय त्रिभुवन रामको हत्या भएको आरोपमा प्रहरीले बुधबार सात जनालाई नियन्त्रणमा लिई अनुसन्धान शुरु गरेको जनाएको छ । प्रहरीले पक्राउ परेकाको नाम सार्वजनिक गरेको छैन ।

हत्या आरोपमा प्रहरीले विभिन्न तीनवटा कोणबाट अनुसन्धान शुरु गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक बाबुराम कार्कीले बताउनुभयो । सोमबार रातिदेखि बेपत्ता भएका रामको हत्या गरिएको अवस्थामा शम्भुनाथ नगरपालिका-३ स्थित मुतनी नदीमा मङ्गलबार साँझ शव फेलापरेको थियो । शवको टाउको र चिउँडोमा चोट देखिएको, कानबाट रगत बगेको, छाती र कुहिनाको छाला घिसारेर ताछिएको अवस्थामा शव नदीबाट निकालेको प्रहरी निरीक्षक कार्कीले जानकारी दिनुभयो ।

सोमबार दिउँसो इलाका प्रहरी कार्यालय रुपनीमा उनको र रासलाल पालबीच जग्गाको मोहीसम्बन्धी विवादमा छलफल भएको थियो । छलफलमा रामका हजुरबुवाकै पालादेखि मोही रहेको प्रमाण देखाएपछि रामको पक्षमा निर्णय भएको थियो । छलफल आफ्नो पक्षमा भएपछि खुशी हुँदै गाउँ फर्किएका राम आफ्ना चार साथीसँग सोमबार राति शम्भुनाथ नगरपालिका-३ नरहीमा पुगेर मासु, रक्सी खाएका थिए । सोही बेलादेखि राम बेपत्ता थिए ।

यसैगरी २०७४ फागुन २७ गतेको सामूहिक बलात्कारको घटनामा रामको उजुरीका आधारमा गाउँका चार जना कारागारमा थुनामा छन् । उनीहरूलाई जनही १० वर्ष कैद सजायको फैसला भएको छ । अन्य दुई जनाको हकमा मुद्दा मुल्तबी रहेको छ । प्रहरीले जग्गा विवादका पक्ष, बलात्कारको मुद्दामा कैदमा परेका पक्ष र सँगै रक्सी खाएका साथीलाई अनुसन्धानको दायरामा लिएको प्रहरीले जनाएको छ । शवलाई परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा राखिएको छ ।

## *लकडाउनको ...*

प्रहरीले त्यसमा कडाई गरिएको र सो नाकाबाट आउनेहरुलाई सोझै क्वारेन्टाईनमा राख्ने गरेको छ । तर, भारतको विहार राज्यसंग जोडिएको ७२ किलो मिटर लामो खुला सिमाका कारण प्रहरीको आखाँ छलेर लुकिछीपी मानिसहरु आउनेक्रम अहिले पनि कायमै रहेको सीमावर्ती क्षेत्रका वासिन्दाहरुको भनाई छ ।

यता बजारमा मास्क नलगाई जिल्ला भित्र चल्ने गरेका सिटी रिक्सामा यात्रा गर्नेहरुको समेत संख्या अध्याधिक रहेको छ भने हटिया बजार तथा कार्यालय र पसलहरुमा एकै ठाउँमा भीडभाड बढेका कारण संक्रमणको जोखिम उच्च रहेको गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाको भनाई छ । उनले यस्तै अवस्था रहे भने संक्रमणको अवस्था भयावह हुने भन्दै सबैलाई आवश्यक सर्तकता अपनाउन सचेत समेत गराएका छन् ।

सरकारले भिडभाड नगर्न गरेको आग्रहको अवज्ञा गर्दै होटल, रेस्टुरेन्ट, चिया पसल, पान पसल, कार्यालय लगायतका ठाउँमा मानिसहरुको जमघट हुने क्रम निरन्तर बढिरहेको छ । मास्क नलागाईकन नजिकै वसेर गफ गर्ने परम्परा बढ्दै गएका कारण संक्रमणको जोखिम अझै बढेको हो ।

बुधवार मात्र जिल्लामा १३ जना नयाँ संक्रमित फेला परेको थियो । यो संगै जिल्लामा विहिवार सम्ममा संक्रमितको संख्या ३ सय ४४ पुगेको छ ।

## *गर्भवती तथा ...*

युनिसेफको सहयोगमा संचालित बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिलाहरूलाई कुखुराको अण्डा दुई क्रेट, १० किलो चामल, दुई पोका नुन, चना दुई किलो, खानेतेल दुई लिटर, साबुन दुई थानलगायतका सामग्री बितरण गरिएको बहुक्षेत्रिय पोषण कार्यक्रमकी सहजकर्ता रंजिता कुमारी यादबले बताईन ।

यसैगरी नगरपालिकाको स्वास्थ्य शाखाले ती गर्भवती तथा सुत्केरी महिलालाई दुई/दुई वटाका दरले साबुन समेत बितरण गरिएको स्वास्थ्य शाखा प्रमुख निरन्जन यादबले बताए ।

गरिव बिपन्न, सुनौलो हजार दिनका महिलाहरूका लागि बहुक्षेत्रिय पोषण कार्यक्रमले उनीहरूको ब्यवहारमा परिवर्तन हुन थालेपछि उनीहरू उत्साहित हुँदै गएको राजबिराज नगरपालिकाका बहुक्षेत्रिय पोषण योजना कार्यक्रमका फोकल पर्सन समेत रहेका यादबले बताए ।

राजबिराज नगरपालीका वडा नम्वर २, ५ र १४ का सुत्केरी, गर्भवती महिलाहरूलाई पोषणका सामग्रीहरू बितरण गरिने योजना रहेको स्वास्थ प्रमुख यादबले जानकारी दिए ।

सो अवसरमा राजबिराज नगरपालिकाका उप प्रमुख झाका साथै वडा अध्यक्ष शोभालाल मण्डल, प्रमुख प्रशासकिय अधिकृत मदन बहादुर थापा, शाखा अधिकृत अनिता चौधरी, वडा सचिव चेतनारायण यादब, पशु शाखाका परमेश्वर यादब, वडा सदस्य दानालाल साह, अभिनन्दन मण्डलगायतको समेत उपस्थिति रहेको थियो ।


# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कताहिं हुनुपर्छ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*